## आ.व. २०८१/८२ को अठारौँ कार्यपालिका बैठक

आज मिति २०८१।१२।१० गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट | अध्यक्ष | |
| श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| श्री गेमे खड्का | सदस्य | |
| श्री पहलवान चौधरी | सदस्य | |
| श्री उमेश अधिकारी | सदस्य | |
| श्री विर वहादुर चौधरी | सदस्य | |
| श्री देव प्रसाद चौधरी | सदस्य | |
| श्री दीपक कुमार चौधरी | सदस्य | |
| श्री सिताराम चौधरी | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ | सदस्य | |
| श्री रिम वहादुर सुनारी मगर | सदस्य | |
| श्री पार्वती सुवेदी | सदस्य | |
| श्री चम्फा भुसाल | सदस्य | |
| श्री रण बहादुर पुजाली सार्की | सदस्य | |
| श्री गिता चौधरी | सदस्य | |
| श्री सावित्री चौधरी | सदस्य | |
| श्री संजिव परियार | सदस्य | |
| श्री देविराम पाठक | सदस्य सचिव | |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री दामोदर आचार्य | अधिकृत | |
| श्री विकास ज्ञवाली | अधिकृत(प्रशासन सेवा ) | |
| श्री रेशमराज अधिकारी | आ प्र शाखा प्रमुख | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**मिति २०८१।१२।१० गते राती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु**

- लालमटिया स्वास्थ्य चौकी व्यवस्थापन सम्बन्धमा ।
- नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
- विज्ञापन कर सम्बन्धमा ।
- दोलाईखोलाको नियन्त्रण सम्बन्धी ध्यानाकर्षणको विषय
- पशु वृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्रका लागि  रकम सहयोग  सम्बन्धमा
- विभिन्न संघ संस्थालाई आर्थिक सहयोग सम्बन्धमा ।
- विविध

दैविराम पाठक
...ासकीय अधिकृत

**मिति २०८१।१२।१० गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१**– लालमटिया स्वास्थ्य चौकी, राप्ती गापा १ भालुवाङको भवनबाट संचालन हुदैँ आएकोमा उक्त भवनमा प्रदेश अस्पताल समेत संचालन भईरहेकोले स्थानबाट स्वास्थ्य चौकीको नियमित कार्य सम्पादन तथा सेवा प्रवाह गर्न कठिनाई भएकोले स्वास्थ्य चौकीलाई घर भाडामा लिई पुल्चोक(रातोडाडाँ)क्षेत्रमा स्थानान्तरण तथा संचालन गर्न अनुमति दिने।

**निर्णय नं.२**- राप्ती गाउँपालिकाको स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०८१ बमोजिम राप्ती नदीका ६ वटा घाटहरुबाट राजस्व संकलनका लागि प्रचलित कानुन बमोजिम ३ पटक सम्म बोलपत्र आव्हान गर्दा कठाहाघाट "क" बाहेक अन्य घाटहरुमा कुनै प्रस्ताव नपरेकोले कठाहाघाट "ख" को लागि अर्को निर्णय बमोजिम गर्ने गरी अन्य घाटहरुबाट नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, को दफा ७ उपदफा (६) बमोजिम अमानतबाट गर्ने। यसरी अमानतबाट नदिजन्य पदार्थ संकलन तथा निकासी गर्दा मिति २०८१।१०।२४ गतेको गाउँकार्यपालिकाको निर्णय बमोजिम भैरहेको कार्यलाई समेत थप प्रभावकारी बनाउदै सम्भव भएसम्म गाउँपालिकाको कर्मचारी थप गरी आवश्यकता बमोजिम परिचालन गर्ने।

**निर्णय नं.३** – राप्ती गाउँपालिकाकाको आ व २०८०।८१ को विज्ञापन कर असुलीको संझौता बमोजिम आर्थिक बर्ष २०८१।८२ को लागि सो फर्मलाई कार्यदिश दिनुपर्नेमा सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर भएको कारणले कार्यदिश नदिईएको र राजस्व दाखिला समेत नभएकोमा सम्मानित सर्वोच्च अदालतबाट सो रिट खारेज भईसकेको हुदाँ सम्झौता बमोजिम राजस्व असुली गरी कार्यदिश प्रदान गर्ने।

**निर्णय नं. ४**–राप्ती गापा ८ दोलाईखोला नियन्त्रण सम्बन्धमा तटबन्ध क्षेत्र नक्साङ्कन तथा सिमाङ्कनको विषयमा उठान भएका गुनासो एवं सवालको अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी पूर्वाधार विकास समितिका संयोजक श्री वीर वहादुर चौधरीको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने।

**अध्ययन समिति**

- श्री वीर बहादुर चौधरी, पूर्वाधार विकास समिति संयोजक एवं ४ नं. वडाध्यक्ष – संयोजक
- श्री चम्पा पुन, कार्यवाहक वडाध्यक्ष, ८ नं. वडा - सदस्य
- श्री अशोक बेल्बासे, ईन्जिनियर - सदस्य
- श्री लिलावती चौधरी, अ. सव ईन्जिनियर - सदस्य
- श्री शिवराज चौधरी,अमिन – सदस्य सचिव

**निर्णय नं.५** राप्ती गाउँपालिकामा सहयोगको लागि प्रस्ताव पेश गर्ने राजनितिक दलको हकमा माग बमोजिम जिल्ला वा सो भन्दा माथिल्लो स्तरको कार्यक्रमका लागि एक वर्षमा एक राजनितिक दललाई बढीमा रु २० हजार सम्म कार्यालयले आर्थिक सहयोग उपलब्ध गराउने।

**निर्णय नं.**६-पशु वृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्रका लागि  घाँस खरिद तथा अन्य व्यवस्थापनका लागि रकम रु ३५०००/-  उपलब्ध गराउने ।

**निर्णय नं.** ७- राप्ती गाउँपालिकाको स्थानीय निर्देशक समितिको रोजगारी सिर्जना सम्बन्धी पेश भए बमोजिमको सिफारिसलाई स्विकृत गर्ने  ।

**निर्णय नं.** ८-  मिति २०८१।११।२६ गते सम्पन्न लुम्विनी राष्ट्रिय स्रस्टा सम्मान तथा साँस्कृतिक कार्यक्रम २०८१  का लागि आयोजक संस्था उपमहासंचार  र तेज मल्टिमिडिया प्रालिलाई सहयोग स्वरुप  जम्मा रकम रु १० हजार उपलब्ध गराउने ।